श्री
# उच्च अदालत तुलसीपुर बुटवल इजलास
रुपन्देही

रुपन्देही
फोन नं. ०७१- ५४०११० / ५४०१२६ / ५४९११०
फ्याक्स नं. ०७१-५४११६१
E-mail: infoacbutwal@acourt.gov.np

उच्च अदालत तुलसीपुर बुटवल इजलास २०७३

चलानी नं. :-

पत्र संख्या :-

मिति २०७८।३।८

## विषयः सूचना ! सूचना !! सूचना !!!

आज मिति २०७८।३।८ गते मंगलबारका दिन उच्च अदालत तुलसीपुर बुटवल इजलासका माननीय न्यायाधीश श्री शिवराज अधिकारीज्यूको अध्यक्षतामा बसेको यस अदालतको पूर्ण बैठकबाट तपसिल बमोजिमको निर्णय भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**निर्णयहरु**

कोभिड-१९ को संक्रमणको जोखिमको कारण यस अदालतको मिति २०७८।१।१५ को पूर्ण बैठकको निर्णायानुसार मिति २०७८।१।१६ गते देखि लागू हुने गरी अदालतबाट प्रवाह हुने सेवाहरु संकुचन भई पटक पटकको पूर्ण बैठकबाट सेवाहरु थप रुपमा सुचारु समेत गरिदै आएकोमा आज मिति २०७८।०३।०८ को पूर्ण बैठकबाट मिति २०७८।०३।०९ गते देखि निम्न सेवाहरु थप रुपमा प्रवाह गर्ने र अर्को निर्णय नभएसम्मका लागि उल्लेखित बाहेकका अन्य सेवाहरु पूर्ववत रुपमा स्थगन गर्ने निर्णय गरियो।

**तपसिल**

१. थुनुवाहरुको यस अदालतमा दर्ता भई विपक्षी झिकाउने आदेश नभएका पुनरावेदनपत्रको प्रारम्भिक सुनुवाई गर्ने ।
२. पक्षहरुले निवेदन दिएमा विपक्षी झिकाउने आदेश नभएका सबै पुनरावेदनपत्रहरुको सुनुवाई गर्ने।
३. प्रतिवादीले सुरु म्याद गुजारी बसेको बैकिङ्ग कसूर एवं राजश्व चुहावट मुद्दाहरुको सुनुवाई गर्ने ।
४. सबै रिट निवेदनहरुको दर्ता र प्रारम्भिक सुनुवाई गर्ने ।

२०७८।३।८

(.....................)
अच्युत कुईकेल रजिस्ट्रार
रजिस्ट्रार (सहसचिव)